श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४४ सालको ऐन नं. २०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### औद्योगिक व्यवसाय ऐन, २०३८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः औद्योगिक व्यवसाय ऐन, २०३८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "औद्योगिक व्यवसाय (दोस्रो संशोधन) ऐन, २०४४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा २ मा संशोधनः औद्योगिक व्यवसाय ऐन, २०३८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (ख), (ग), (घ), (झ) र (ठ) को सट्टा देहायका खण्ड (ख), (ग), (घ), (झ) र (ठ) राखिएका छन्:–

"(ख) "घरेलु उद्योग" भन्नाले देहायका उद्योगहरू सम्झनुपर्छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) मुख्य कच्चा पदार्थको लागि परिवर्त्य विदेशी मुद्रा आवश्यक पर्ने, दुई लाख रूपैयाँसम्मको मेशिन औजार तथा यन्त्र उपकरणहरू समेत गरी कुल सात लाख रूपैयाँसम्मको स्थिर जेथा भएको र कुल वार्षिक उत्पादन पन्ध्र लाख रूपैयाँमा ननाघ्ने तथा दश अश्वशक्ति भन्दा बढी उर्जा प्रयोग नहुने उद्योग,

(२) मुख्य कच्चा पदार्थ स्थानीय रूपमा नै उपलब्ध हुने, सात लाख रूपैयाँसम्मको स्थिर जेथा भएको र कुल वार्षिक उत्पादन पच्चीस लाख रूपैयाँमा ननाघ्ने उद्योग,

(३) अधिकतम श्रममूलक, देशको परम्परा, कला वा संस्कृतिसंग सम्बद्ध र खास सीप वा स्थानीय कच्चा पदार्थ र साधन परिचालन गर्ने परम्परागत किसिमका भनी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको उद्योग,

(ग) "साना उद्योग" भन्नाले घरेलु उद्योग बाहेक तीस लाख रूपैयाँसम्मको स्थिर जेथा भएको उद्योग सम्झनुपर्छ ।

(घ) "मझौला उद्योग" भन्नाले तीस लाख रूपैयाँ भन्दा बढी एक करोड रूपैयाँसम्मको स्थिर जेथा भएको उद्योग सम्झनुपर्छ ।

(झ) "मूल्य अभिवृद्धि (भ्यालु एडेड)" भन्नाले कारखानाको मूल्यमा कच्चा पदार्थ, विदेशमा ज.ने तलब, भत्ता, ज्याला, व्याज, लाभांश, रोयल्टी र बीमा बापतको रकम कटाएपछिको बाँकी रहने रकम सम्झनुपर्छ । उद्योगले प्रयोग गर्ने विद्युत् आफैं उत्पादन गरी प्रयोग गरेमा त्यस्तो विद्युत् उत्पादन खर्चलाई समेत मूल्य अभिवृद्धिमा समावेश गरिनेछ ।

(ठ) "अविकसित क्षेत्र" वा "अल्पविकसित क्षेत्र" भन्नाले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अविकसित क्षेत्र वा अल्पविकसित क्षेत्र भनी तोकिदिएको क्षेत्र सम्झनुपर्छ ।"

(२) खण्ड (ठ) पछि देहायको खण्ड (ठ१) थपिएको छः–

"(ठ१) "संरक्षण" भन्नाले स्वदेशी औद्योगिक उत्पादनलाई विदेशी औद्योगिक उत्पादनसंग प्रतिस्पर्धायोग्य बनाउन आयात प्रतिस्थापक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२२

र निर्यातमूलक उद्योगहरूलाई मूल्य अभिवृद्धिमा श्री ५ को सरकारले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले करहरू (अन्तःशुल्क, बिक्रीकर र भन्सार महसुल समेत) वा अनुदानको माध्यमबाट आर्थिक प्रोत्साहन वा सहुलियत उपलब्ध गराउने कार्य सम्झनुपर्छ ।"

३. मूल ऐनको दफा ३ मा संशोधनः मूल ऐनको दफा ३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः–

"(२) उपदफा (१) मा जुनसुक कुरा लेखिएको भए तापनि देहायका उद्योगहरू स्थापना गर्न अनुमति लिनु पर्नेछैनः–

(क) घरेलु उद्योग,

(ख) कोरा माल, सहायक कोरा माल र रासायनिक पदार्थलाई परिवर्त्य विदेशी मुद्रा आवश्यक नपर्ने साना र मझौला उद्योगहरू,

(ग) अनुमति लिनु नपर्ने भनी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका अन्य उद्योगहरू ।"

४. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः–

"५. अनुमति दिनेः यस ऐन अन्तर्गत अनुमति लिनु पर्ने उद्योग स्थापना गर्न आवश्यक विवरण पेश गरी अनुमति मागेमा उद्योग विभागले अनुमति दिन सक्नेछ ।

तर ठूला उद्योग तथा कोरा माल, सहायक कोरा माल एवं रासायनिक पदार्थका लागि वार्षिक खपतको चालीस प्रतिशत वा बीस लाख रूपैयाँ नाघ्ने गरी परिवर्त्य विदेशी मुद्रा प्रयोग हुने साना र मझौला उद्योग स्थापनाको लागि अनुमति दिंदा उद्योग विभागले समितिको सिफारिशको आधारमा दिनु पर्नेछ ।"

५. मूल ऐनमा दफा ५क. थपः मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. थपिएको छः–

"५क. दर्ता गर्नेः (१) यस ऐन बमोजिम अनुमति लिनु पर्ने वा नपर्ने कुनै पनि उद्योगको स्थापना गर्दा तोकिएबमोजिम दर्ता गराउनु अनिवार्य हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) घरेलु उद्योगको दर्ता गराउँदा घरेलु तथा ग्रामीण उद्योग विभाग वा सो अन्तर्गतको क्षेत्रीय वा जिल्ला कार्यालय वा सो विभागले तोकेको कुनै कार्यालयमा दर्ता गराउनु पर्नेछ । साना, मझौला र ठूला उद्योगको दर्ता गराउँदा उद्योग विभाग वा सो अन्तर्गतका क्षेत्रीय कार्यालयमा दर्ता गराउनु पर्नेछ ।"

६. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को उपदफा (२) को खण्ड (क) मा रहेको "मझौला वा ठूला" भन्ने शब्दहरू झिकिएका छन् ।

७. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को उपदफा (२) को खण्ड (ङ) झिकिएको छ ।

८. मूल ऐनको दफा ९ मा संशोधनः मूल ऐनको दफा ९ को,–

(१) उपदफा (१) को खण्ड (क) को प्रथम प्रकरणमा रहेका "देहायका" भन्ने शब्द र सोही खण्डका उपखण्ड (१) र (२) झिकिएका छन् ।

(२) उपदफा (१) को,–

(क) खण्ड (ङ) र (च) को सट्टा देहायका खण्ड (ङ) र (च) राखिएका छन्:–

"(ङ) पर्यटन उद्योगः पर्यटक आवास र मोटेल, होटेल, रिजर्ट एरिया, ट्रेकिङ्ग (पदयात्रा) एवं ट्राभल एजेन्सी, स्कीईङ्ग, वाटर र्‍याफ्टिङ्ग, केवल कार कम्प्लेक्स, पोनी ट्रेकिङ्ग, हट एयर ब्यालुनिङ्ग, प्यारा सेलिङ्ग आदि पर्यटन प्रवर्द्धनलाई प्रत्यक्ष रूपले सघाउ पुऱ्याउने, टेवा दिने वा सहायक हुने व्यवसाय ।

(च) सेवा उद्योगः

(१) शीत भण्डार

(२) यन्त्रशाला (वर्कशप)

(३) छापाखाना

(४) उद्योग, निर्माण व्यवस्थापन र श्री ५ को सरकारले तोकेको अन्य क्षेत्रसंग सम्बन्धित परामर्श सेवा

(५) जिनिङ्ग, तथा वेलिङ्ग व्यवसाय

(६) चलचित्र निर्माण व्यवसाय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

६२४

(७) श्री ५ को सरकारले तोकेको किसिम र स्तरमा सञ्चालन हुने निर्माण व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, अस्पताल, आरोग्यशाला ( नर्सिङ्गहोम ), शिक्षण संस्था, प्रयोगशाला, भाडामा दिने ठूला आवास गृह (एपार्टमेण्ट कम्प्लेक्स), औद्योगिक तथा व्यापारिक कम्प्लेक्सहरू र श्री ५ को सरकारले तोकेका अन्य सेवा व्यवसायहरू ।"

(ख) खण्ड (छ) र (ज) झिकिएका छन् ।

९. मूल ऐनको दफा १० मा संशोधनः मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छः–

"१०. उद्योगहरूलाई दिइने संरक्षण, सुविधा तथा सहुलियतः (१) आयकर, बिक्रीकर, भन्सार, अन्तःशुल्क सम्बन्धी ऐनहरू तथा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत स्थापना हुने उद्योग-हरूलाई देहाय बमोजिम संरक्षण, सुविधा तथा सहुलियत प्रदान गरिनेछः–

(क) संरक्षणः

स्वदेशी औद्योगिक उत्पादनलाई समितिको निर्णयानुसार सामान्यतः तीस प्रतिशत संरक्षण प्रदान गरिनेछ ।

(ख) आयकर सुविधाः

(१) उत्पादनमूलक घरेलु उद्योगलाई सञ्चालन मितिले पाँच वर्षसम्म शत प्रतिशत आयकर छुट दिइनेछ ।

तर श्री ५ को सरकारले नेपाल उद्योग वाणिज्य सङ्घसंग परामर्श गरी तोकिएका घरेलु उद्योगलाई त्यस्तो छुट दिइनेछैन ।

(२) कोरा मालको दश प्रतिशतसम्मको लागि मात्र परिवर्त्य विदेशी मुद्रा आवश्यक पर्ने उत्पादनमूलक साना उद्योगलाई सञ्चालन मितिले पाँच वर्षसम्म आयकर छुट दिइनेछ ।

तर श्री ५ को सरकारले नेपाल उद्योग वाणिज्य सङ्घसंग परामर्श गरी तोकिएका साना उद्योगलाई त्यस्तो छुट दिइनेछैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आधारभूत आवश्यकताका वस्तु उत्पादन गर्ने उद्योग वा राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग भनी तोकेका उद्योग तथा उर्जा-मूलक उद्योगलाई सञ्चालन मितिले पाँच वर्षसम्म आयकर छुट दिइनेछ ।

(४) श्री ५ को सरकारले अन्वेषण गरी प्रमाणित गरी सकेको खानी उत्खनन गर्ने खनिज उद्योगलाई सञ्चालन मितिले पाँच वर्षसम्म र लगानीकर्ता स्वयम्ले अन्वेषण गरी उत्खनन गर्ने खनिज उद्योगलाई सञ्चालन मितिले आठ वर्षसम्म आयकर छुट दिइनेछ ।

(५) पब्लिक लिमिटेड कम्पनीको रूपमा स्थापना भएको उद्योग-लाई प्रचलित कानूनबमोजिम लाग्ने करपोरेट आयकरमा पाँच प्रतिशत कम हुने गरी करपोरेट आयकर लगाइनेछ ।

(६) धितोपत्र कारोवार ऐन, २०४० बमोजिम धितोपत्र सूची-करण गरी धितोपत्र कारोवार गर्ने केन्द्रमार्फत कम्तिमा पन्ध्र प्रतिशत शेयर जनसाधारणमा वितरण गर्ने उद्योगलाई उपखण्ड (५) बमोजिम लाग्ने करपोरेट आयकरको दरमा अर्को पाँच प्रतिशत कम हुने गरी लगाइनेछ ।

(७) पब्लिक लिमिटेड कम्पनीको रूपमा स्थापना भएका उद्योग बाहेक अन्य उद्योगलाई प्रचलित कानूनबमोजिम लाग्ने आयकरको प्रत्येक स्लाबमा पाँचका दरले कम हुने गरी आयकर लगाइनेछ ।

उदाहरण : प्रचलित कानूनबमोजिम आयकरको दर १०, १५, २० ... ... प्रतिशत लाग्ने भएमा उद्योगलाई क्रमशः ५, १०, १५ ...... प्रतिशतको दरले लगाइनेछ ।

(८) अल्पविकसित क्षेत्रमा स्थापित उद्योगलाई पन्ध्र प्रतिशत र अविकसित क्षेत्रमा स्थापित उद्योगलाई तीस प्रतिशतका दरले आयकर छुट दिइनेछ । त्यस्तो क्षेत्रको वर्गीकरणमा हेरफेर भै आयकर छुट प्राप्त नहुने भएमा हेरफेर हुनु अघि स्थापित उद्योगलाई वर्गीकरणमा हेरफेर भएको मितिले पाँच वर्षसम्म त्यस्तो आयकर छुट दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

6326

(९) तोकिएको उद्योगले आफ्नो वार्षिक उत्पादनको पच्चीस प्रतिशत भन्दा बढी परिमाण निकासी गरेमा सो वर्षको आयकरमा लाग्ने रकममा पन्ध्र प्रतिशत रकम छुट दिइनेछ र पचास प्रतिशतभन्दा बढी परिमाण निकासी गरेमा पच्चीस प्रतिशत आयकर रकम छुट दिइनेछ ।

(१०) उत्पादित वस्तुको वितरण बढाउन वा सेवाको प्रवर्द्धन गर्न विज्ञापनको लागि गरिने खर्च, अतिथि सत्कारमा हुने खर्च र बिल पेश गर्नु नपर्ने अन्य भैपरी खर्च बापत कुल आयको पाँच प्रतिशत रकम खुद आय निर्धारण गर्दा कट्टा गर्न पाउनेछ ।

(११) उद्योगले स्थिर जेथाको ह्रास कट्टी गर्दा आयकरसम्बन्धी प्रचलित कानूनमा उल्लेखित दरमा पच्चीस प्रतिशत थप गरी ह्रास कट्टी गर्न पाइनेछ । स्थिर जेथाको ह्रास कट्टी गर्दा समान किस्ता प्रणाली वा अधिकतम दरमध्ये कुनै एक दरमा ह्रास कट्टी गर्न पाइनेछ । एक पटक एउटा दरमा ह्रास कट्टी गरी सकेपछि फेरि अर्को दरमा कट्टी गर्न पाइने छैन ।

(१२) सञ्चालन भइरहेको कुनै उद्योगले पुनः लगानी गरी उद्योगको विविधिकरण गरेमा वा जडित क्षमतामा पच्चीस प्रतिशत वा सोभन्दा बढी विस्तृतीकरण गरेमा त्यस्तो उद्योगको खुद आय निर्धारण गर्दा नयाँ थप स्थिर जेथाको पच्चीस प्रतिशत रकम खर्च बापत कट्टा गर्न पाइनेछ । यस्तो रकम एकै पटक वा पटक पटक गरी बढीमा तीन वर्षभित्र कट्टा गर्न पाइनेछ ।

(१३) प्रविधि तथा वस्तु विकास र दक्षता वृद्धिमा गरिएको खर्च बापत कुलआयको तोकिएको प्रतिशतसम्म रकम खुद आय निर्धारण गर्दा खर्च बापत कटाउन पाइनेछ ।

(१४) अपाङ्गलाई रोजगारी दिने उद्योगलाई त्यस्तो व्यक्तिलाई दिइएको तलब वा ज्यालाको थप पच्चीस प्रतिशत रकम खुद आय निर्धारण गर्दा खर्च बापत कटाउन पाइनेछ ।

(१५) पब्लिक लिमिटेड कम्पनीको रूपमा स्थापना भएका उद्योगमा गरेको लगानीबाट प्राप्त हुने लाभाँशमा आयकर लाग्नेछैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६३८

(ग) भन्सार महसुल (साधारण, अतिरिक्त र समिकारक महसुल), अन्तःशुल्क र बिक्रीकर सुविधाः

(१) तोकिएको औद्योगिक उत्पादन बाहेक अन्य निकासी हुने औद्योगिक उत्पादनमा एक प्रतिशत मात्र भन्सार महसुल लगाइनेछ ।

(२) निर्यात प्रवर्द्धन क्षेत्रमा स्थापित उद्योग वा वण्डेड वयर हाउसको स्वीकृति पाई आफ्नो उत्पादन शत प्रतिशत निर्यात गर्ने उद्योगले प्रयोग गर्ने कच्चा पदार्थमा प्रिमियम भन्सार महसुल, अन्तःशुल्क र बिक्रीकर तिर्नु पर्ने छैन ।

(३) उद्योग वा निकासीकर्तालाई निर्यात गरे जतिको उत्पादनमा लागेको अन्तःशुल्क र बिक्रीकर तथा त्यस्तो उत्पादनमा प्रयोग भएको कच्चा पदार्थमा लागेको प्रिमियम, भन्सार महसुल, अन्तःशुल्क र बिक्रीकर फिर्ता गरिनेछ ।

(४) निर्यात गरिने वस्तु बनाउन उपयोग गरिने माध्यमिक वस्तु (इन्टरमिडियट गुड्स) बनाउने उद्योगलाई त्यस्तो माध्यमिक वस्तुबाट बनेको सामान निर्यात भएको परिमाणको आधारमा त्यस्तो माध्यमिक वस्तुमा लागेको अन्तःशुल्क र बिक्रीकर तथा त्यस्तो माध्यमिक वस्तु बनाउन प्रयोग भएको कच्चा पदार्थमा लागेको प्रिमियम, भन्सार महसुल, अन्तःशुल्क र बिक्रीकर फिर्ता गरिनेछ ।

(५) नेपालमा उत्पादन नै नभएको कुनै नयाँ किसिमका वस्तु उत्पादन गर्ने उद्योगलाई उत्पादन शुरू भएको मितिले तीन वर्षसम्म अन्तःशुल्क छुट दिइनेछ ।

(६) घरेलु उद्योगको उत्पादनमा अन्तःशुल्क र बिक्रीकर लाग्नेछैन ।

तर चुरोट, बिडी वा मदिरा उत्पादन गर्ने घरेलु उद्योग र श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अन्य घरेलु उद्योगले त्यस्तो सुविधा पाउने छैनन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) विदेशी मुद्रा आर्जन हुने गरी अधिराज्यभित्र कुनै उद्योगले आफ्नो उत्पादन बिक्री गरेमा विदेशी मुद्रामा बिक्री गरे जतिका उत्पादनमा लागेको अन्तःशुल्क तथा त्यस्तो उत्पादनमा प्रयोग भएको कच्चा पदार्थमा लागेको प्रिमियम, भन्सार महसुल, अन्तःशुल्क र बिक्रीकर त्यस्तो उद्योगले फिर्ता पाउनेछ ।

(८) अन्तःशुल्क वा बिक्रीकर लागेको स्वदेशी औद्योगिक उत्पादनलाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने उद्योगको उत्पादनमा अन्तःशुल्क वा बिक्रीकर लागेमा त्यस्तो उद्योगले उत्पादन गरेको वस्तुको परिमाणको अनुपातमा त्यस्तो कच्चा पदार्थमा लागेको अन्तःशुल्क र बिक्रीकर फिर्ता पाउनेछ ।

(घ) परिवर्त्य विदेशी मुद्राको सटही सुविधा :

(१) उद्योगमा प्रत्यक्ष प्रयोग हुने मेशिनरी, जगेडा पूर्जा, ज्यावल, उपकरणहरू र अन्य पूंजीगत वस्तुहरू आयात गर्न परिवर्त्य विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउन सकिनेछ ।

(२) उद्योगको स्वीकृत क्षमताको आधारमा कोरा माल, सहायक कोरा माल र रासायनिक पदार्थ आयात गर्न परिवर्त्य विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) प्राविधिक परामर्श, प्राविधिक सहायता, सेवा शुल्क, व्यवस्थापन शुल्क, पेटेण्ट दस्तूर, उद्योग प्रवर्द्धन तथा बिक्री प्रवर्द्धनको लागि बजार अध्ययनजस्ता सेवाको लागि औचित्यको आधारमा परिवर्त्य विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउन सकिनेछ ।

(ङ) अन्य सहुलियतः

(१) उद्योगले आफ्नो उपयोगको लागि विद्युत् शक्ति उत्पादन गरेमा कुनै दस्तूर (रोयल्टी) लाग्नेछैन । त्यसरी उत्पादित विद्युत् सार्वजनिक रूपमा वितरण गरेमा वास्तविक बिक्री युनिटको आधारमा दस्तूर लगाइनेछ ।

(२) अन्तर्राष्ट्रिय बोलपत्रमा प्रतिस्पर्धा गरी कुनै उद्योगले आफ्नो उत्पादन स्वदेशमा बिक्री गरेमा पनि त्यस्तो उद्योगलाई बिक्री



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेको परिमाणमा निर्यात गर्ने उद्योगले निकासी गर्दा पाउने सरहको सुविधा दिइनेछ ।

(३) उद्योगको लागि आवश्यक पर्ने तोकिएको बाहेक अन्य यन्त्र, उपकरण तथा जगेडा पार्ट पूर्जाहरूमा बढीमा पाँच प्रतिशत-सम्म भन्सार महसुल बाहेक अन्य कर लाग्नेछैन ।

(च) विशेष सुविधाः आधुनिक प्रविधि प्रयोग गरी निर्यातमा योगदान दिने उच्च गुणस्तरका वस्तुहरू उत्पादन गर्ने उद्योगलाई विशेष संरक्षण सुविधा तथा सहुलियत प्रदान गर्न सकिनेछ ।

(२) यो दफा प्रारम्भ हुनुभन्दा अघि यसै ऐन बमोजिम अनुमति प्राप्त गरी यो दफा प्रारम्भ हुनु अगावै उत्पादन शुरू गर्ने वा अनुमतिपत्रमा तोकिएको अवधिभित्र उत्पादन शुरू गर्ने उद्योगले अवधि किटिएको जति सुविधा, सहुलियत र संरक्षणको हकमा अनुमति प्राप्त गर्दाको बखत कायम रहेको व्यवस्था बमोजिम नै पाउनेछ र अवधि नकिटिएको सुविधा, सहुलियत र संरक्षणको हकमा यसै दफामा गरिएको व्यवस्था बमोजिम पाउनेछ ।

तर अनुमतिपत्रमा तोकिएको अवधिभित्र उत्पादन शुरू नगर्ने उद्योगले पाउने सुविधा, सहुलियत र संरक्षण यसै दफामा गरिएको व्यवस्था बमोजिम हुनेछ ।

(३) यो दफा प्रारम्भ हुनु भन्दा अघि यस ऐनबमोजिम अनुमति लिनु नपर्ने गरी स्थापना भएका उद्योगले अवधि किटिएको जति सुविधा, सहुलियत र संरक्षणको हकमा स्थापना भएका बखत कायम रहेको व्यवस्था बमोजिम नै पाउनेछ र अवधि नकिटिएको सुविधा सहुलियत र संरक्षणको हकमा यसै दफामा गरिएको व्यवस्था बमोजिम पाउनेछ ।

१०. मूल ऐनमा दफा १०ख. पछि दफाहरू थपः मूल ऐनको दफा १०ख. पछि देहायका दफा १०ग. र १०घ. थपिएका छन्:–

"१०ग. मूल्य अभिवृद्धि कायम गर्नुपर्नेः आफ्नो उत्पादनको पचास प्रतिशत भन्दा बढी उत्पादन निर्यात गर्ने उद्योगले कारखाना मूल्यको कम्तिमा दश प्रतिशत र अन्य उद्योगले कारखाना मूल्य (एक्स फैक्ट्री) को पन्ध्र प्रतिशत मूल्य अभिवृद्धि कायम राख्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 680